*Myagdi Guru*
[A Peer-Reviewed, Multidisciplinary and Multilingual Journal]
Volume 4-5, September, 2022
p-ISSN 2645-8713; Indexed in NepJOL
http://myagdicampus.edu.np/myagdiguru/
MMC, Beni

*Research Article/ Literature and Criticism*

# "नासो" कथामा पितृसत्ता र भौगोलिक पर्यावरण : समाजपरक विश्लेषण

**जानुका कोइराला (उर्मिला),** नेपाली विभाग दर्शनाचार्य अध्ययनरत शोधार्थी
मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल

**Article History:** *Submitted 20 June 2022; Reviewed 15 July 2022; Revised 21 July 2022*

**पत्राचार लेखक :** *जानुका कोइराला; Email: koirala_urmila@yahoo.com*

**Article DOI:** *https://doi.org/10.3126/mg.v5i1.70631*

**Copyright Information:** *Copyright 2022 © The author/s of each article. However, the publisher may reuse the published articles with prior permission of the authors. This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.*

## लेखसार

प्रस्तुत लेख मूलतः आधुनिक नेपाली कथाका प्रवर्तक गुरूप्रसाद मैनालीको "नासो" कथाको समाजशास्त्रीय अध्ययनमा केन्द्रित छ। एउटै कथा कृतिबाट पनि कथाकार मैनाली नेपाली कथा क्षेत्रमा बलियो पहिचान निर्माण गर्न सफल भएका छन् । नेपाली आधुनिक कथामा विशिष्ट योगदान पुऱ्याए तापनि उनको कथाकारिताको समाजशास्त्रीय कोणबाट यथेष्ट अनुसन्धान भएको पाइदैंन । यो लेख गुरूप्रसाद मैनालीको "नासो" कथाको समाजपरक समालोचनाको गैरमार्क्सवादी धाराअन्तर्गत हिप्पोलिट टेनको मान्यतालाई आधार मानी तयार पारिएको छ । टेनको साहित्यिक कृतिलाई व्यक्ति मनोविज्ञानको उपज मान्दै त्यसलाई प्रजाति, पर्यावरण र युगको अभिव्यक्ति मानेका छन् । टेनको पर्यावरण र युगको धारणा एवं प्रजाति र प्रजातिगत प्रकारका आधारमा "नासो" कथाको सूक्ष्मतापूर्वक अध्ययन गरेर यो लेख तयार पारिएको छ । "नासो" कथा राणाशासनकालीन युगमा रचिएको हो । कथा एकातिर ग्रामीण नेपाल समाजमा भौगौलिक पर्यावरणमा आधारित छ भने अर्कोतिर पितृसत्तात्मक मानसिकताले ग्रस्त अन्धविश्वासी सामाजिक पर्यावरणमा रचिएको छ । यस कथाको अध्ययन गर्दा कथामा आर्य ब्राह्मण प्रजातिका पात्रहरूको केन्द्रीयता रहेको छ भने अन्य प्रजातिका पात्रहरू पनि रहेका छन् ।

**शब्दकुञ्जी :** जलवायवीय, विचारधारा, मानसिक संरचना, प्रहसन ।

## विषय परिचय

नेपाली कथायात्रामा आधुनिक नेपाली कथा गुरूप्रसाद मैनाली (वि. स. १९५७- २०२८) देखि प्रारम्भ भएर आजको समयसम्म आइपुगेको छ । मैनाली सामाजिक विषयवस्तुलाई यथार्थपरक रूपमा चित्रण गर्ने कथाकार हुन् । उनले एकाध प्रहसन, निबन्ध र कविता लेखेता पनि मूलतः कथा

क्षेत्रमै योगदान पुऱ्याए । उनका कथाहरूको संगालो "नासो" वि. स. २०२६ मा प्रकाशित भएको हो । गुरूप्रसाद मैनालीको "नासो" सङ्ग्रहमा सङ्गृहीत "नासो" कथाको मूल विषयवस्तु सामाजिक यथार्थवादमा आधारित छ । यो कथा सर्वप्रथम वि. स. १९९२ मा शारदा पत्रिकामा छापिएको हो । आधुनिकता भित्र्याउने यो कथा विधागत रूपका साथसाथै सामाजिक र यथार्थपरक दृष्टिले पनि ज्यादै महत्त्वपूर्ण कथा हो । यसमा उनले अन्धविश्वास, रूढीवादी सङ्कीर्ण विचारधारा, कुरिती तथा अन्धपरम्पराद्वारा ग्रस्त नेपाली समाजको यथार्थ स्थितिको सजीव चित्रण गरेका छन् । यस अध्ययनमा "नासो" कथालाई समाजपरक समालोचना पद्धतिका आधारमा हेरिएको छ । कृतिलाई समाजसँग जोडेर गरिने समालोचना नै समाजपरक समालोचना हो । यसको मान्यता अनुसार साहित्यकारको साहित्यिक रचनाको प्रमुख आधार ऊ बस्ने समाज हो र त्यही समाजका घात-प्रतिघात, छाया-प्रतिछाया, दु:ख-सुख, भूत-अभूत, पाप-धर्म, कर्म-अकर्म, प्राप्ति-अप्राप्ति, सवल-दुर्वल, आदि यावत् पक्षहरूको प्रतिबिम्ब साहित्यमा हुन्छ । समाजपरक समालोचनाको सुरूवात १८ औँ शताब्दीबाट भएता पनि समालोचनाको प्रस्फुटन भने हिप्पोलिट टेनबाट भएको हो । उनी प्रजाति, युग र परिवेशका सूत्रद्वारा समाजपरक सिद्धान्त प्रस्तुत गर्छन् र उनी सामाजिक समालोचनाका प्रथम उल्लेख्य सैद्धान्तिक प्रवक्ता पनि हुन् । साहित्यिक कृतिमा व्यक्ति मनोविज्ञानको अभिव्यक्ति हुने भएकाले त्यसमा प्रजाति, परिवेश र युगको प्रतिबिम्बन हुन्छ भन्ने टेनको मान्यता रहेको छ ।

प्रस्तुत अध्ययन समाजपरक समालोचना पद्धतिका आधारमा नासो कथामा प्रजाति, युग र परिवेशको विश्लेषण गरिएको छ । त्यसमा पनि प्रजातिगत अध्ययन विशेषरूपमा गरिएको छ । । प्रजाति, युग र परिवेशका आधारमा नासो कथाको विश्लेषण के कसरी गरिएको छ र यस कथामा के कस्ता प्रजातिका पात्रहरूको प्रयोग भएको छ भन्ने दुई सवाल नै यस अध्ययनको मूल समस्या हो भने प्रजाति, युग र परिवेशका आधारमा नासो कथाको विश्लेषण गर्नु र कथामा प्रयुक्त पात्रहरूको प्रजातिगत प्रकारको खोजी गर्नु नै यस अध्ययनको मूल उद्देश्य हो । नासो कथामा विविध विषय र कोणबाट अध्ययन गर्न सकिने भए तापनि ती मध्ये यो लेखमा युग र परिवेशका साथै नासो कथाको प्रजाति र प्रजातिगत प्रकारका पनि अध्ययन गरिएको छ । मैनालीको नासो कथामा विभिन्न दृष्टिकोणबाट व्याख्या विवेचना भएका छन् । नासो कथाका बारेमा विभिन्न लेखरचना प्रकाशित भएका तथा विश्वविद्यालयबाट शोध अनुसन्धान गरिएको पाइन्छ । हारूहितो नोजूको 'गुरूप्रसाद मैनाली र उनका सामाजिक कथाहरू' (२०४७) शीर्षकको शोधमा प्रजाति, पर्यावरण र युगका आधारमा विश्लेषण भएको छैन । मुकुन्द घिमिरेको 'नासो कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन' (२०५८) शीर्षकको शोधमा प्रजाति, पर्यावरण र युगका आधारमा विश्लेषण गरेता पनि नासो कथामा मात्र केन्द्रित हुन सकेका छैनन् । सीताराम दाहालको 'नासो कथासङ्ग्रहको कृतिपरक अध्ययन' (२०६६) शीर्षकको शोधमा प्रजाति, पर्यावरण र युगका आधारमा विश्लेषण भएको छैन । ईश्वरा पौड्यालको 'नासो कथामा सामाजिकता' (सन् २०१९) शीर्षकको लेखमा प्रजाति, पर्यावरण र युगका आधारमा विश्लेषण गरेता पनि

प्रजातिगत प्रकारको भने उल्लेख गरेकी छैनन् । यसरी, उल्लिखित लेख र शोध ग्रन्थहरूमा नासो कथाको विविध तरिकाले अध्ययन भएको पाइन्छ । जाति, युग र परिवेशमा केन्द्रित भएर पनि अध्ययन त भएका छन् तर प्रजातिगत प्रकारका आधारमा कुनै अध्ययन नभएकाले त्यो क्षेत्रमा शोधरिक्तता देखिन्छ । सो रिक्तता पूरा गर्ने उद्देश्यले यो लेख तयार पारिएको छ । यसरी प्रजातिगत प्रकारका आधारमा विशेष केन्द्रित भएर अध्ययन भएको हुनाले यो अध्ययन महत्त्वपूर्ण छ । यो कथा यस दृष्टिले विशेष अनुसन्धेय देखिन्छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि पुस्तकालयबाट सम्पूर्ण सामग्रीहरू सङ्कलन गरिएको छ । यसमा नासो कथालाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ भने “नासो” कथा सम्बन्धी गरिएका समीक्षा, अध्ययन, अनुसन्धान, समालोचना, विभिन्न सहयोगी पुस्तकहरू, शोधग्रन्थ आदि द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । पाठ विश्लेषण गर्ने आधारमा हिप्पोलिट टेनको समाजपरक समालोचनाको मान्यतालाई लिइएको छ । यसमा विषयवस्तुको पुष्ट्याइँका लागि निगमनात्मक पाठविश्लेषण विधिको उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

फ्रान्सेली दार्शनिक एवम् समालोचक हिप्पोलिट एडल्फ टेनको ‘हिस्ट्री अफ इङ्ग्लिस लिट्रेचर’ नामक पुस्तक यस अध्ययनको सैद्धान्तिक पर्याधार हो । यस पुस्तकमा प्रजाति, युग र परिवेश भन्ने प्रसिद्ध सिद्धान्तको प्रतिपादन गर्दै समालोचनामा सामाजिक दृष्टिकोणलाई फराकिलो बनाएका छन् । कृतिलाई समाजसँग जोडेर गरिने समालोचना समाजपरक समालोचना हो । साहित्यका सामाजिक कारकका साथै कृतिमा चित्रित सामाजिक सन्दर्भहरूको साहित्यिक कृतिले पार्ने सामाजिक प्रभावको मूल्याङ्कन गर्ने काम समाजपरक समालोचनामा हुन्छ । यसमा साहित्यकारको सामाजिकताका आधारमा कृतित्वको विश्लेषण गरिन्छ । फ्रान्सेली दार्शनिक एवम् समालोचक हिप्पोलिट एडल्फ टेनबाट समालोचनामा सामाजिक दृष्टिकोणको व्यवस्थित सैद्धान्तिक स्वरूप प्राप्त भएको हो । टेनले साहित्यिक कृतिलाई व्यक्ति मनोविज्ञानको उपज मान्दै त्यसलाई पर्यावरण तथा युगको अभिव्यक्ति मानेका छन् । “उनी परिवेश, युग र जातिका सूत्रद्वारा समाजपरक सिद्धान्त प्रस्तुत गर्छन् र सामाजिक समालोचनाका प्रथम उल्लेख्य सैद्धान्तिक प्रवक्ता हुन्” (त्रिपाठी, २०३६, पृ. ६०१) । हिप्पोलिट टेनले साहित्य र कलाको उद्भव र विकासमा जाति, युग र परिवेशलाई बढी जोड दिएर समाजपरक समालोचनाको पद्धतिलाई स्पष्ट रूपरेखा दिएका हुन् । उनीभन्दा अघिका समालोचकले यसको स्पष्ट खाका कोर्ने र सूत्रबद्ध गर्ने काम गरेका थिएनन् । “टेनले कला साहित्यलाई सामाजिक तथ्य वा घटना मानेर कृतिको उत्पत्तिको कार्यकारण सम्बन्ध खोजी गर्दै कृतिको वस्तुपरक अध्ययन गर्नुपर्ने मान्यता राख्दछन्” (पाण्डेय, २००६, पृ. १२२) । टेनका अनुसार कृति एउटा सामाजिक तथ्य वा घटना हो । कुनै न कुनै कारणले त्यो कृति लेखिन्छ र त्यो कारण समाजसँग जोडिएकै हुन्छ । कृतिको अध्ययन गर्दा वस्तुपरक तरिकाले गर्नुपर्दछ किनकी त्यसमा समाज जस्तो छ, त्यस्तै अभिव्यक्ति भएको हुन्छ । त्यसैले यो समालोचनाले कृतिकार, कृति र पाठकको समेत अध्ययन गर्दछ । त्यसैले

यो समालोचनाको तथ्य र घटना निरपेक्ष नभएर सापेक्ष रहेका हुन्छन् । कृतिकारले कृति रचना गर्नुपर्नाको कारण पर्यावरण हो । उनका अनुसार यी तीन तत्व एक आपसमा अर्न्तसम्बन्धित छन् । लेखकले प्राकृतिक, सामाजिक, राजनीतिक पर्यावरणका कारण कृति रचना गर्दछ । कुनै पनि कृति सामाजिक आधारमा तयार हुन्छ । टेन यस्ता आधारलाई प्रजाति, पर्यावरण र क्षण मान्दछन् । कुनै पनि कृति सामाजिक आधारमा तयार हुन्छ । किनकी मानिस चाहेर पनि समाजबाट पृथक हुनै सक्दैन । टेन यस्ता आधारलाई प्रजाति, पर्यावरण र क्षण मान्दछन् । "जाति भन्नाले राष्ट्रिय चरित्रको, क्षण भन्नाले खास युगको, परिवेश भन्नाले भौतिक जलवायवीयजस्ता प्राकृतिक परिवेश र सामाजिक, राजनीतिक आर्थिक आदि निर्मित परिवेशको बोध हुन्छ" (गौतम, २०५९, पृ. ४०) । यिनीहरूका बीचको व्यवाहरिक अन्तर्क्रियाबाट लेखकको मानसिक संरचना निर्माण हुन्छ । जसरी लेखकको व्यक्तित्व निर्माणमा समाजको छाप उसमा परेको हुन्छ; ठीक त्यसैगरी कृतिमा पनि लेखकका सामाजिक छापहरूको अभिव्यक्ति हुन्छ । टेनले कृति रचिएको युगको पर्यावरणका आधारमा कृतिको अध्ययन गरी मूल्याङकन गर्नुपर्ने धारणा प्रस्तुत गरेका छन् । "टेनले समालोचनाको आधार जाति, पर्यावरण र क्षणजस्ता तत्त्वलाई मानेका हुँदा उनको सिद्धान्त समाजपरक तथा यथार्थवादी हुन पुगेको हो" (शर्मा, २०६१, पृ. १२९) । यही यथार्थका आधारमा गरिएको समालोचना नै गैरमार्क्सवादी धारा अन्तर्गतको दर्पणवादी दृष्टिकोणमा आधारित छ । यसबाट साहित्यको समाजशास्त्रको अध्ययन गर्ने पद्धति बसाल्ने व्यक्ति हिप्पोलिट टेन नै हुन् भन्ने पुष्टि हुन्छ । "समाजशास्त्रीय अध्ययनमा युग, क्षण र प्रजातिको अध्ययन गरिन्छ र यो मुख्यतः आख्यानका लागि नै उपयुक्त छ" (पाण्डेय, २०७८, पृ. १३) । १८ औँ शताब्दीको सुरुतिर उपन्यासको उदय भएको र १८ औँ शताब्दीको अन्त्यतिर साहित्यको समाजशास्त्रको अध्ययनको सुरुवात भएकोले पनि यो मूलतः आख्यानकेन्द्री हुन पुगेको हो । कुनै पनि साहित्यिक रचनालाई राम्ररी बुझ्न र मूल्याङ्कन गर्नका लागि साहित्यकार जुन प्रजाति, जुन युग तथा जुन परिवेशको छ त्यसको राम्ररी अध्ययन गर्नु आवश्यक छ । प्रजाति, पर्यावरण र क्षणसम्बन्धी मान्यता साहित्यको समाजशास्त्रको प्रारम्भिक र महत्वपूर्ण मान्यता मानिन्छ । यसै सिद्धान्तका आधारमा अध्ययनको विश्लेषणका लागि प्रजाति, युग र परिवेशलाई छुट्टाछुट्टै विश्लेषण गरिएको छ । त्यसमा पनि मुख्यतया प्रजातिको विशिष्ट अध्ययन गरिएको छ र प्रजातिको पनि ब्राह्मण प्रजाति, क्षेत्री प्रजाति, घर्ती प्रजाति, राणा प्रजाति र दमाई प्रजाति उपशीर्षकलाई छुट्टाछुट्टै विश्लेषण गरिएको छ ।

## परिणाम र विमर्श

गुरुप्रसाद मैनालीको "नासो" सामाजिक, पारिवारिक विषयवस्तु आधारित कथा हो । यो कथा हिप्पोलिट टेनको समाजशास्त्रको मुख्य सिद्धान्त प्रजाति, युग र परिवेशका आधारमा विश्लेषण गरिएको छ । अध्ययनका क्रममा प्रजाति, युग र पर्यावरण तीन उपशीर्षकमा रहेर अध्ययन गरिएको छ । त्यसमा पनि मुख्यतया प्रजातिको विशिष्ट अध्ययन गरिएको छ र प्रजातिको पनि ब्राह्मण प्रजाति, क्षेत्री प्रजाति, घर्ती प्रजाति, राणा प्रजाति र दमाई प्रजाति उपशीर्षकमा रहेर "नासो" कथाको

समाजशास्त्रीय अध्ययन गरिएको छ ।

## युग

सोचाइको दिशा, उमेर, अभिरूचि आदिको मानसिकता लेखकको जीवनमा महत्त्वपूर्ण अनुभूति, त्यस युगमा चलेका विचार, आशा र निराशा, मान्छेका आदर्श, परिकल्पना आदि युग वा क्षणमा समेटिन्छ “कुनै युगको प्रधान धारणा वा चेतना अर्को युगमा प्रधान नभएर सहायक हुन सक्छ । अर्को विचार प्रधान भएर जान सक्छ” (श्रेष्ठ, २०७१, पृ.७५) । तर विचार यस्तो हुँदैन । यो अकाट्य हुन्छ । त्यसैले टेनले भनेको युगचेतना सामाजिक परिस्थितिको उपज हो । “कृतिमा लेखकको जीवनमा महत्त्वपूर्ण क्षणहरू समेटिने भएकाले यो कृति सिर्जनाको आन्तरिक प्रेरकका रूपमा पनि रहन्छ” (शर्मा, २०६५, पृ.४७) । टेन कृतिकारको मानसिक संरचनाको निर्माणमा युगले पनि प्रभाव पर्दछ भन्ने मान्यता राख्दछन् । युगकै प्रभावमा कृतिको रचना हुन्छ । कृतिकार कुन युगमा छ, त्यही युगको प्रतिबिम्ब कृतिमा पाइन्छ । “टेनका अनुसार एउटा युगमा कुनै प्रधान विचार हुन्छ त्यही एक बौद्धिक ढाँचाले पुरै समाजको चिन्तनलाई प्रभावित तुल्याउँछ” (पाण्डेय, सन् २०१६, पृ. १४३) । लेखक जन्मेको र उसले लेखेको युगको चिन्तन प्रत्यक्ष वा परोक्ष रूपमा कृतिमा आएको हुन्छ । त्यसैले युगले क्षण र चेतना दुवैलाई बुझाउँछ । त्यसो त युग भनेको केवल समय मात्रै पनि होइन, समसामायिक चेतना पनि हो ।

यस कथामा लेखक स्वयम् ब्राह्मण कुलका भएकाले पात्र र कथा पनि ब्राह्मण कुलमै आधारित छ। त्यसैले उनीहरूमा भएको धार्मिक, सामाजिक, सांस्कृतिक भावना त्यही कुल सुहाउँदो किसिमले आएको छ । दोस्रो बिहेका बेलामा ती सबै धार्मिक विधिहरू सांस्कृतिक आचरणहरू प्रतिबिम्बित भएका छन् । त्यसैगरि अपुतो भनेको देवीरमणको अभिमान धुलो हुनु उसको सामाजिक मानसिकताहो । त्यस्तै सन्तानबारे ज्योतिषीहरूबाट रायसल्लाह लिनु, सन्तान प्राप्तिका लागि अनेक पाठपूजा गर्नु, धामीझाक्रीमा विश्वास गर्नु आदि धार्मिक धारणा र अन्धविश्वासी परम्परालाई पछ्याउने संस्कृतिको छाप हो । पनि त्यतिबेलाको अन्धविश्वासको उपज हो । सुभद्राले सधैं राती देवीरमणका गोडा मिच्नु जस्ता विभेदपूर्ण पसम्परागत संस्कार, देवीरमणले लक्ष्मीसँग विवाह गर्दा एकैचोटि भएको बालविवाह र अनमेल विवाह प्रथाको पनि वर्णन भएको छ । तत्कालीन समाजको चालचलनमा लोग्ने खाटमा सुत्नु, दुलही भुईमा सुत्नु, सम्पन्न घरमा नोकरचाकर राख्नु, आइमाइहरूले फुर्सदमा पात गाँस्नु, ब्राह्मणहरूको विवाह मण्डपमा आहुति हाल्नु, दुलाहाले पाणि ग्रहण गर्नु, दुलही अन्माउनु र तीर्थब्रत गर्न जानु, कान्छी स्वास्नी पाएपछि जेठीको बेवास्ता हुनु र उसको न्यायको लागि समेत कसैले नबोल्नु आदि सबै सामाजिक यथार्थताको चित्रण हो । यसका साथै सुभद्राको माध्यमबाट तत्कालीन परम्परागत धार्मिक रूढिग्रस्त विचार र भावनाहरू सफासित उतारिएका छन् । यहाँ छोरालाई पिण्डदाताका रूपमा लिने प्रवृत्ति र सन्तानप्रतिको अपेक्षा मृत्युपर्यन्त समेत जोडिएको तथ्य उजागर भएको छ । मृत्युपर्यन्तको अपेक्षाले नै सुभद्राका सौता व्यहोर्नेदेखि घर छोड्ने र पुनः घर फर्कनेसम्मका निर्णयहरू जोडिएका छन् । यसरी हेर्दा कथामा गुरूप्रसाद मैनालीको जीवनको महत्त्वपूर्ण क्षणहरू समेटिएका छन् । क्षण वा युगको समाजशास्त्रीय अवधारणा सुभद्रा, देवीरमण,

लक्ष्मी, नौली जस्ता पात्रका साथै कथामा आएका सामाजिक घटनाका माध्यमबाट नासो कथामा लागु भएको छ ।

## परिवेश

लेखकले बाँचेको भौगोलिक, सामाजिक, सांस्कृतिक पर्यावरणले एउटै जातिको लेखक पनि पृथक विशेषतायुक्त हुन्छ भन्ने हिप्पोलिट टेनको परिवेशगत अवधारणा हो । मानिस जस्तो पर्यावरणमा रहन्छ उसको स्वभाव त्यस्तै हुन्छ । उसको कृतिको भाषाशैली, विचार, मानसिकता, आदि सबै उसको सामाजिक परिवेशद्वारा प्रभावित हुन्छ । "प्रत्येक साहित्यकारले जन्मदेखि नै आफ्ना वरपरको पर्यावरणबाट प्रभाव ग्रहण गर्छ । यी प्रभावहरू पछि उसका साहित्यिक अभिव्यक्तिमा क्रियाशील हुन्छन् र यिनैको परिचालनबाट उसले साहित्यिक साधना गर्छ" (शर्मा, २०६१, पृ. १२९) । मानिस बाँचेको प्राकृतिक परिवेशबाट उसको स्वभाव बन्छ र त्यही स्वभावको अभिव्यक्ति साहित्यमा हुन्छ ।

गुरूप्रसाद मैनाली ग्रामीण परिवेशमा हुर्किएका तथा सामाजिक क्षेत्रका कथाकार भएकाले यो कथामा पनि सामाजिक पक्षलाई महत्त्व दिइएको छ । कथाको सुरूवात समय र निर्दिष्ट स्थान नतोकिएता पनि कथाक्रमले पक्कै यो ग्रामीण परिवेश हो भनेर पुष्टि गर्छ । यसका साथै देवीरमण र सुभद्रा र देवीरमणले गरेका कार्यहरू जस्तै- चौतारो चिन्नु, बाटो खन्नु, धामीझाक्रीको बुटी जन्तर बाँध्नु आदिले यस कथाको परिवेश गाँउ नै हुनुपर्छ भन्न सकिन्छ । त्यसैगरी बाटामा वरियातहरूले परस्पर ग्रामीण ठट्टा गर्नु र छिमेकीहरू चौतारामा रमिता हेरिरहेका हुनु आदिले पनि यो ग्रामीण परिवेशकै कथा हो भनेर पुष्टि हुन्छ । स्थानको व्यापक विस्तार भएको यस कथाको विशेषता देवीरमणको गाँउबाट सामाजिक दृष्टिकोण अनुसार धार्मिक संस्कृतिले प्रेरित भएर तीर्थयात्रुको गाँउले हुल नै यात्रामा अग्रसर हुन्छ । यहाँ कुम्ले फौजको बयान भएको छ त्यसले बडो जीव वातावरणको चित्र खिच्न सफल भएको छ । सुभद्राले गृहत्याग गर्दाको समय डरलाग्दो कालो अँध्यारो रात उल्लेख गरिएको छ । यसका अतिरिक्त पशुपति, गौरीघाट आदिको बयानका साथै भगवानको आश्रयमा बस्ने बुढाखाडाहरूलाई पशुपतिमा हन्डी दिएर राख्ने चलनको पनि चर्चा भएको छ । यसमा विशेषत: देवीरमणको गाउँ, उसकी दोस्री दुलही लक्ष्मीको माइती गाउँ, तीर्थस्थल, पशुपति मन्दिर वरिपरीको ठाउँ आदिको प्रत्यक्ष अप्रत्यक्ष वर्णन भएका छन् । उनले चित्रण गर्न खोजेको समाज र त्यसको सामाजिक, धार्मिक, नैतिक, सांस्कृतिक, ऐतिहासिक, आर्थिक र राजनीतिक कुनै पनि ठूलासाना कार्यहरूसितको सम्बन्ध प्रष्टसँग आउन सकेको छ ।

## प्रजाति

यहाँ प्रजातिको अर्थ राष्ट्र, राष्ट्रिय चरित्र, आर्य, मंगोल आदि व्यापक अर्थयुक्त अनुवांशिकता, मानसिक बनावट, शारीरिक संरचना, कमजोरी आदिका कारण लेखकको जातीयताले कृतिमा प्रभाव पार्छ भन्ने हो । "लेखकमा उसका प्रजातिगत विशेषता रहन्छन् र ती साहित्य सिर्जनामा पनि आएका हुन्छन्" (श्रेष्ठ, २०७१, पृ. ७३) । लेखक कुनै न कुनै रूपमा समाजको एउटा अंश हो । यसो भन्नुको तात्पर्य लेखकको वंशाणुगत गुण, स्वभाव र मानसिकता उसको कृतिमा चित्रित हुन्छ । "लामो समय व्यतीत हुँदै जाँदा यस्ता विशेषताहरूमा थोरैधेरै परिवर्तन आउन सक्छ तर पनि कद्रनै न कद्रनै साझा विशेषता भने कायमै हद्रन्छन्" (पाण्डेय,

२००६, पृ. १२४)। प्रजातिगत गुण सजिलै बन्ने र परिवर्तन हुने गुण होइन । यो निकै लामो समय लागेर निर्माण भएको हुन्छ र निकै लामो कालखण्डमा यसका विशेषताहरूमा परिवर्तन आउँछन् भन्ने कुरा स्वीकार्दछन् । "जाति भन्नाले कृतिमा अभिव्यक्त राष्ट्रिय चरित्रलाई बद्रभ्फाउँछ" (गौतम, २०५९, पृ. ४०)। लेखक जन्मेको, हद्रर्केको र बाँचेको समाजको चित्र चरित्रहरूका माध्यमबाट कृतिमा आएको हद्रन्छ । नासो कथामा नेपालको तत्कालीन समाजमा देखिने नारीहरूको अवस्था तथा नारी र पद्ररूषबिचको भिन्नतालाई स्पष्ट चित्रण गरिएको छ । सद्रभद्रा, लक्ष्मी र नौलीको दयनीय अवस्थाबाट तत्कालीन समाजमा विद्यमान बहद्रविवाह तथा अनमेल विवाह प्रथा, रूढीवादी अन्धविश्वास तथा नारीहरूप्रतिको सङ्कद्रचित दृष्टिकोण छर्लङ्ग हद्रन्छ । "आदिकालदेखि नै पद्ररूषकी भोग्या, आदर्श पत्नी तथा वीर पराक्रमी छोरा जन्माउने साधनका रूपमा हेर्ने गरिएको नारीको अवस्था वर्तमान समयको साहित्यमा आइपद्रग्दा पनि खासै परिवर्तन भएको छैन" (शर्मा, २०६५, पृ. ४) । कथामा सद्रभद्राले सन्तान दिन नसक्दा देवीरमणको सामाजिक प्रतिष्ठामा धक्का पद्रगेको छ । यस पक्षलाई "जोरीपारीसँग ठोकाबाजी पर्दा धन, बल, बद्रद्धि सबै कद्ररामा देवीरमणको जित हद्रन्थ्यो तर 'अपद्रतो' भनेको सद्रन्ने बित्तिकै उनको अभिमान धूलो हद्रन्थ्यो, आत्मग्लानीले पानी हुन्थे" (पृ. १) । भन्ने कुराले पनि यसको पुष्टि गरेको छ । यहाँ सन्तान नहुनुको कारक तत्त्व सुभद्रालाई ठहऱ्याई देवीरमण सुभद्रामाथि सौता हाल्न, सुभद्रा सौता भ्फेल्न र लक्ष्मी सौता बनेर भित्रन एकैचोटि तयार भएका छन् ।

"नासो" कथाका पात्रहरू देवरिमण, सुभद्रा, लक्ष्मी, सुशील र नौली कथाकारकै आर्य जातिका हुन् । यी सबैले तत्कालीन अधिकांश ग्रामीण नेपाली जनताको प्रतिनिधित्व गरेका छन् । कथाकारको धार्मिक आस्था हिन्दूत्वमै भएकाले उनको कथाको उद्देश्य चारित्रिक दुर्बलता देखाउनु नभइ आदर्श पात्र प्रस्तुत गर्नु हो तथापि कथालाई गहिरिएर अध्ययन गर्दा कथाकारले अन्धविश्वासलाई पक्षपोषण गरेको छ । जस्तै - "सन्तानको आशाले सरल नारीस्वभाववश धामीभ्फाक्रीको बूटीजन्तर बाँधिन्, देवीदेवताको भाकल गरिन् । तीर्थ, ब्रत, पूजा, पाठ पनि गरिन् तर दैवले नसुनिइदिएपछि कसको के लाग्दो रहेछ र ?" (पृ. १) । यहाँ सुभद्राले सन्तान प्राप्तिमा लागि त्यस समाजमा प्रचलित यथासम्भव प्रयासहरू गरेकी छे । यस क्रममा ऊ कतै अन्धविश्वासीका रूपमा त कतै भाग्यवादी महिलाका रूपमा प्रस्तुत भएकी छे । उसको एकमात्र ध्येय केवल सन्तान प्राप्ति रहेको छ ।

सुभद्रा मेहनती र सर्वगुणसम्पन्न पति देवीरमणलाई सम्पन्न र प्रतिष्ठित पार्ने आदर्श गृहिणी हो । उनको जीवनको यौवनको प्रथम आधा भाग घरगृहस्थी, सामाजिक मानप्रतिष्ठा र खेतीपातीको समृद्धिमा र आधा भाग पतिको सेवा टहलमा बितेकाले उनी आदर्श गृहिणी र पत्नी थिइन् भन्ने प्रष्ट हुन्छ । उनको पत्नित्व र गृहिणित्वको आधारशिलामा एउटा आधात प्रष्ट रूपमा देखापरेको छ - त्यो हो बाँभ्फोपन । यो जैविक बाँभ्फोपनबाट उसको नारी व्यक्तित्वको प्राकृतिक पराजय हुन पुग्यो र उसको मातृत्व र वात्सल्यचेतको नारित्वको निम्ति एक प्रंश्नचिन्ह बन्यो । सौता बनेर भित्रिएकी लक्ष्मीले छोरो जन्माएपछि नवयौवना लक्ष्मीसँगको सौतेनी प्रतिस्पर्धामा सुभद्राले पतिमाथिको आफ्नो अधिकार मात्र

नभइ प्रभुत्व पनि बिस्तारै बिस्तारै गुमाउँदै जानुपऱ्यो । "अश्रुपूर्ण नयनले प्यारो गृहलाई सदैवका निमित्त नमस्कार गरेर अनाथिनी सुभद्रा त्यो कालो अन्धकारमा विलीन भइन्" (पृ. ७) । भनेर उसले तीर्थयात्राका क्रममा देवीरमणबाटै उपेक्षित हुनुपरेको र लक्ष्मीसँगको सौतेनी प्रतिस्पर्धामा न्याय पाउन नसकेकाले चुपचाप गृहत्याग गरेको घटनालाई कथाकारले सशक्त रूपका प्रस्तुत गरेका छन् । ।

दोस्रो बिहेपछि 'दुई जोइको पोइ कुना पसी रोइ' का रूपमा देवीरमणका जीवनयात्रामा अगाडि बढेको छ । लक्ष्मी भित्रिएको प्रथम रातदेखि नै अन्तर्विभाजित पति जीवनको प्रतिच्छायामा उसले नयाँ दाम्पत्य यात्रा थालेको हो । लक्ष्मीबाट छोरा जन्मिएपछि उक्त अन्तर्विभाजन उसको चरित्रमा झन् बढ्यो र अनिर्णयग्रस्त बन्यो । त्यही अनिर्णय सुभद्राका दृष्टिमा अन्यायपूर्ण प्रतीत भइ गृहत्याग गरेपछि देवीरमणको आदर्श पतिचेतमा प्रथम पत्नीप्रति अन्याय गरेको अनुभव हुन्छ, परिणामस्वरूप उनको घरव्यवहार, खेतीपाती, आसामीपात भताभुङ्ग भएको छ । सुभद्राका बारेमा नौलीबाट जानकारी पाएपछि उसले सुभद्राप्रति अन्याय गरेको पापबोध गरी सुभद्रालाई फर्काउने मनसाय व्यक्त गर्नु उसको पश्चातापी पतिचेतक अभिव्यक्ति हो । उसले तत्कालीन नेपाली समाजमा विद्यमान बहुविवाह प्रथाको चपेटामा परेका पीडित पुरूष वर्गको प्रतिनिधित्व गरेको छ ।

लक्ष्मी तत्कालीन नेपाली परिवारभित्रकी प्रतिनिधि कान्छी पत्नीका रूपमा देखापरेकी छे । तत्कालीन नेपाली समाजमा औसत कान्छी पत्नीले भोग्ने पीडा उसले पनि भोगेकी छे । कुचाले बढार्नुपर्ने सौता हावाले उडाएर लगेपछि पनि अधवैंसे सौतालाई नै बढी आदर र माया गर्ने लोग्नेबाट उनी पीडित अनुभव गर्छे । घरमा सन्तानको अभाव हटाउने साधनको रूपमा मात्र आफू भित्रिएको अनुभवले ऊ भित्रभित्रै कमजोर बन्छे र अन्त्यावस्थामा सुशीललाई सुभद्राको हातमा नासोको रूपमा सुम्पिन्छे । " 'दिदी तपाईंको नासो' भनेर लक्ष्मीले सुशीलको हात सुभद्राको हातमा राखिदिइन्" (पृ. ११) । भनेबाट यस कुराको पुष्टि हुन्छ । यसबाट जीवनको सार्थकता नै सन्तानप्राप्ति हो भन्ने कुराको उजागर भएको छ ।

त्यसैगरी वि. स. १९९२ सम्म नेपालमा कायम रहेको करियाप्रथाकी कमारी नौली त्यस समयकी आफ्नो वर्गकी प्रतिनिधि पात्र हो । "८२ सालमा स्वर्गवासी महाराज चन्द्रशमशेर जङ्गबहादुरका करूणाले दास जीवनबाट मुक्त भएकी थिई" (पृ. ३) । यसरी नौलीलाई कथाकारले कथामा प्रस्तुत गरेबाट यस कुराको पुष्टि हुन्छ । नौली देशमा आएको परिवर्तनले असर नपारेकी यथास्थितिमै रमाउने सरल पात्र हो ।

प्रजातिमा विभिन्न जातिहरू पर्दछन् । आर्य जातिका पात्रहरूको बाहुल्यता रहेको यस कथामा विभिन्न प्रजातिहरूको यहाँ विभिन्न उपशीर्षकमा संक्षिप्तमा विश्लेषण गरिएको छ ।

**(क) ब्राह्मण प्रजाति :** यस कथामा ब्राह्मण जातिको पात्रको बाहुल्यता रहेको छ । कथाका प्रमुख पात्रहरू देवीरमण, सुभद्रा, लक्ष्मी, सुशील, भण्डारी पण्डित, उसकी श्रीमती, ज्योतिष सबै ब्राह्मण कुलका हुन् । देवीरमण, सुभद्रा, लक्ष्मी, सुशीलको जात स्पष्ट किटान गरिएको नभए तापनि नौलीले देवीरमणलाई बाजे, सुभद्रालाई बज्यै, लक्ष्मीलाई दुलही बज्यै भनेर यसरी

सम्बोधन गरेकी छे - "बज्यै घरको हाल के भनूँ, सम्भँदा पनि आँसु आउँछ । छ महिना भो, दुलही बज्यै बिरामी हुनुहुन्छ" (पृ. ८) । समाजमा ब्राह्मण परिवारका मानिसहरूलाई अझै पनि बाजे बज्यै सम्बोधन गर्ने प्रचलन कायमै रहेकाले उनीहरू ब्राह्मण कुलकै हुन् भन्ने पुष्टि हुन्छ। त्यसैगरी पशुपतिमा भेट हुँदा नौलीले सुभद्रालाई यसो भनेकी छे - "कहिले बाजे आफैं पकाउनुहुन्छ, कहिले चमेना खाएर सुत्नुहुन्छ " (पृ. ८) । यहाँ ब्राह्मण जातिमा अन्य जातले पकाएको नखाने परिपाटीको चित्रणबाट पनि यिनीहरू ब्राह्मण जातिकै हद्रन् भन्ने पद्रष्टि हद्रन्छ । यसका अलावा कथामा रातमाटे भँडारी पण्डित र उसकी जहान, ज्योतिषी र सुभद्राकी फुपू लगायतका ब्राह्मण जातिका पात्रहरू रहेका छन् ।

**(ख) क्षेत्री प्रजाति :** यस कथामा कथाकार मैनालीले आर्यकै क्षेत्री जातिको पात्रको पनि उपयोग गरेका छन् । यही जातिका हुन् भनेर नतोके पनि लक्ष्मीको यपचार गर्ने डाक्टरको बयान नौलीले यसरी गरेकी छे - "गोरखा मूलका डाग्डर सुबिदारलाई देखाउँदा 'थाइसी' भने कि 'खाक्सी' भने अहिले सम्भन सकिनँ" (पृ. ८) । यसबाट कथा रचनाकालतिर वीर गोर्खाली भनेर युद्धमा होमिन क्षेत्रीहरू सेनामा भर्ती हुने र अवकास प्राप्त गरेपछि आफ्नो सिप र क्षमता अनुरूप समाजको सेवामा समर्पित हुने प्रवृत्तिको पनि यहाँ उजागर भएको छ ।

**(ग) घर्ती प्रजाति :** त्यो समयमा घरमा काम गर्ने नोकरचाकरहरू घर्ती जातिले गर्ने कुरा कथाकारले यसरी उल्लेख गरेका छन् - "मधुरो बत्तीको उज्यालोमा नौली घर्तिनी पात गाँसिरहेकी थिइ । नौली देवीरमणकी पुरानी चाकर्नी होÆ (पृ. ३) । यसबाट नौली घर्ती जातकी हो भन्ने पुष्टि हुन्छ भने घर्तीकी श्रीमतीलाई घर्तिनी भनिने प्रचलनको पुष्टि पनि यसले गरेको छ । यसका साथै त्यो समयमा जातका आधारमा काम बाँडफाँड हुने प्रकृया नौलीसँग मात्र नजोडिएर यहाँ विवाहमा डोली चढ्ने चलनको उल्लेख गरिएको छ । जातका आधारमा कामको बाँडफाँड हुने त्यस समयमा डोली बोक्ने डोले पनि घर्ती जातिकै हुन् भन्ने पुष्टि हुन्छ ।

**(घ) राणा प्रजाति :** यस कथामा गौण पात्रकै रूपमा भए पनि राणा जातिको पात्रको पनि चर्चा भएको छ । दासप्रथा उन्मुलन गर्ने चन्द्रशमशेरको सकारात्मक कार्यको गुणगान गाउँदै कथाकारले नौलीका बारेमा यसो भनेका छन् - "८२ सालमा स्वर्गवासी महाराज चन्द्रशमशेर जङ्गबहादुर राणाका करूणाले दास जीवनबाट मुक्त भएकी थिई" (पृ. ३) । यहाँ चन्द्रशमशेरले दासप्रथा उन्मुलनको घोषणा गरेको चर्चाद्वारा राणा जातिको पात्रको प्रयोग सकारात्मक रूपमा भएको छ ।

**(घ) दमाई प्रजाति :** कथामा दमाई जातिको पनि प्रयोग भएको छ । त्यतिखेर विवाहमा बजाउने कार्य दमाई जातिले मात्र गर्दथे । सोही बाजा बजाउने प्रचलनको चर्चा कथाकारले यसरी गरेका छन् - "छिमेकीसँग कुरा गर्नाको बहानाले उनी केही पछि भए, जाँदा दुलही भित्र्याइसकी सुभद्रा दमाई - डोलेहरूलाई ज्याला बाँड्न लागेकी रहिछन्" (पृ. ३) । यहाँ पनि कथाकारले जातका आधारमा काम निर्धारण हुने परिपाटीको चित्रण गरेका छन् ।

यसरी कथाकार मैनालीमा सामाजिक विसङ्गतिप्रति वितृष्णा भए तापनि तत्कालीन धार्मिक, रूढिवादी र भाग्यवादी दृष्टिकोणबाट अछुतो रहन सकेका छैनन् । त्यसैले उनका कथाका पात्रहरूमा आदर्शवान चरित्र पाइन्छ,

सामाजिक विद्रोह र चेतको होइन । सामाजिक कृयाकलापबाट निर्मित लेखकको मानसिकता धर्म संस्कृति तथा जातीयताको प्रभाव कृतिमा पर्दछ भन्ने समाजपरक समालोचनाको मान्यता नासो कथाको सन्दर्भमा उपयुक्त देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययन "नासो" कथामा समाजपरक समालोचना पद्धतिका आधारमा प्रजाति, युग र परिवेशको खोजीमा आधारित रहेको छ। नेपाली कथायात्रामा आधुनिक नेपाली कथा गुरूप्रसाद मैनाली (वि. स. १९५७- २०२८) देखि प्रारम्भ भएर आजको समयसम्म आइपुगेको छ । मैनाली सामाजिक विषयवस्तुलाई यथार्थपरक रूपमा चित्रण गर्ने कथाकार हुन्। नासो कथामा उनले अन्धविश्वास, रूढीवादी सङ्कीर्ण विचारधारा, कुरिती तथा अन्धपरम्पराद्वारा ग्रस्त नेपाली समाजको यथार्थ स्थितिको सजिव चित्रण गरेका छन् । यस अध्ययनमा "नासो" कथालाई समाजपरक समालोचना पद्धतिका आधारमा हेरिएको छ । कृतिलाई समाजसँग जोडेर गरिने समालोचना नै समाजपरक समालोचना हो । हिप्पोलिट टेन सामाजिक समालोचनाका प्रथम उल्लेख्य सैद्धान्तिक प्रवक्ता पनि हुन् । साहित्यिक कृतिमा व्यक्ति मनोविज्ञानको अभिव्यक्ति हुने भएकाले त्यसमा प्रजाति, परिवेश र युगको प्रतिबिम्बन हुन्छ भन्ने टेनको मान्यता रहेको छ । नासो कथामा प्रजाति, परिवेश र युगको प्रतिबिम्बन कसरी भएको छ र यस कथामा के कस्ता प्रजातिगत पात्रहरूको उपयोग भएको छ भन्ने आधारमा नासो कथाको विश्लेषण गर्नु नै यसको मूल उद्देश्य हो । नासो कथामा विविध विषय र कोणबाट अध्ययन गर्न सकिने भए तापनि यो अध्ययनमा नासो कथाको युग र परिवेशका साथै प्रजाति र प्रजातिगत प्रकारको पनि खोजी गरिएको छ ।

हिप्पोलिट टेनको मान्यता अनुसार साहित्यमा जाति, क्षण वा युग र परिवेशको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने समाजपरक समालोचनाको अवधारणा यस कथामा सार्थक भएको छ । कथाकार गुरूप्रसाद मैनाली ब्राह्मण कुलका भएकाले उनी आफ्नो जाति, आफू बाँचेको युग तथा यसको भौगोलिक र सामाजिक परिवेशप्रति अत्यन्त सचेत देखिएका छन् । यस क्रममा कथामा धार्मिक, समाजिक, सांस्कृतिक भावना त्यही कुल सुहाउँदो किसिमले आएको छ । लेखक र कथाका पात्रको मानसिकता पनि नेपाली जाति, समकालीन युग र त्यहाँको स्थानीय ग्रामीण परिवेशबाट रचना भएको छ । त्यसैले पनि नेपाली कथा विधाको यो कथा उत्कृष्ट नमुना बन्न सफल भएको छ ।

## सन्दर्भ ग्रन्थसूची

गौतम, कृष्ण (२०५९). आधुनिक आलोचना अनेक रूप अनेक पठन. ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव (२०३६). पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा. काठमाडौँ : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त. (२०७३). मार्क्सवाद,सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र. ललितपुर : साझा प्रकाशन

पाण्डेय, मेनेजर (२००६). साहित्य के समाजशास्त्रकी भूमिका. दिल्ली : आधार प्रकाशन प्रालि ।

पाण्डेय, मेनेजर (२०१६). साहित्य और

समाजशास्त्रीय दृष्टि. दिल्ली : आधार प्रकाशन प्रा.लि ।

पोखरेल, ईश्वरा. (सन् २०१९). नासो कथामा सामाजिकता. नेपाल जर्नल अनलाइन ।

मुकुन्द, घिमिरे. नासो कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन. विद्यावारिधि शोधप्रबन्ध (अप्र). त्रिभुवन विश्वविद्यालय.२०५८ ।

मैनाली, गुरूप्रसाद (२०२६). नासो. ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६१). पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त. काठमाडौँ: विद्यार्थी प्रकाशन ।

शर्मा, बिन्दु. (२०६५). आधारभूत नेपाली समालोचना. काडमाडौँ: तन्नेरी प्रकाशन ।

श्रेष्ठ, चन्द्रमान. पारिजातको उपन्यासको समाजशास्त्र. विद्यावारिधि शोधप्रबन्ध (अप्र). त्रिभुवन विश्वविद्यालय.२०७१ ।

सीताराम, दाहाल. नासो कथासङ्ग्रहको कृतिपरक अध्ययन. विद्यावारिधि शोधप्रबन्ध (अप्र). त्रिभुवन विश्वविद्यालय.२०६६ ।

हारूहितो, नोजू. गुरूप्रसाद मैनाली र उनका सामाजिक कथाहरू. विद्यावारिधि शोधप्रबन्ध (अप्र). त्रिभुवन विश्वविद्यालय.२०४७ ।